नेपाल सरकार

गृह मन्त्रालय

**सशस्त्र प्रहरी बल, नेपाल**

**नं.९ गण हे.क्वा. महोत्तरी**

**आर्थिक प्रशासन शाखा**

नेपाल सरकार गृह मन्त्रालय सशस्त्र प्रहरी बल नेपाल नं.९ गण हे. क्वा.,महोत्तरी मटिहानी न.पा.९,महोत्तरी

## पुराना जिन्सी मालसामानहरुको लिलाम बिक्री सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक सूचना प्रकाशित मिति २०७८।१०।२० गते**

आ.व. ०७७/०७८ मा यस सशस्त्र प्रहरी बल, नेपाल नं.नं.९ गण हे.क्वा. महोत्तरीमा तपशिल बमोजिमका विभिन्न पुराना जिन्सी मालसामानहरु जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्री गर्नु पर्ने भएकोले खरिद गर्न ईच्छुक ब्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही ७ दिन भित्र सिलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | मालसामानहरुको बिवरण | न्यूनतम मूल्य रु. (मू.अ.कर बाहेक) | बोलपत्र फारम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १. | पुराना जिन्सी मालसामानहरु<br>(विभिन्न धातुहरु प्रयोग भएको) | रु. १,८२,२२५/३२ | रु. १००० /- | |

बोलपत्र फारम सशस्त्र प्रहरी बल, नेपाल नं.९ गण हे.क्वा. महोत्तरीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र मिति २०७८।१०।२० गते (कार्यालय समय भित्र बोलपत्र फारम तोकिएको दस्तुर फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फारम ८ औं दिन मिति २०७८।१०।२६ गतेको १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल नं.९ गण हे.क्वा., महोत्तरीमा दर्ता गराई सक्नु पर्नेछ, दाखिला भएका बोलपत्र फारमहरु मिति २०७८।१०।२७ गतेको दिनको १४:०० बजे यस कार्यालयमा खोलिनेछ ।बोलपत्र फारम बिक्री, दाखिला र खोलिने दिन कारण बस सार्वजनिक विदा पर्न गएमा विदा पछाडीको पहिलो कार्यालय खोलेको दिन सोही समयमा गरिने छ । बोलपत्र दाताले बोलपत्रमा कबोल गरेको कूल रकमको १० (दश) प्रतिशले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल नं.९ गण हे.क्वा., महोत्तरीको कार्यालय कोड नं.३१४०५१८०२ को कोष तथ लेखा नियन्त्रक कार्यालय महोत्तरीको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय, जलेश्वरको धरौटी खाता नं.१२७०१००१०२०३०००० मा नगदै दाखिला गरी सोको सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्र दाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिन भित्र आफुले कबोल गरेको रकममा नियमानुसार लाग्ने मू.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी पुराना जिन्सी मालसामानहरु र सवारी साधनहरु उठाई लैजानु पर्नेछ । लिलाम सकार गरेको जिन्सी मालसामानहरु नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारवाही गर्नेछ ।उल्लेखित जिन्सी मालसामानहरु लिलाम सम्बन्धी थप कुराहरु बुझ्नु परेमा कार्यालय सयम भित्र यस सशस्त्र प्रहरी बल, नेपाल नं.९ गण हे.क्वा., महोत्तरीमा आई हेर्न र बुझ्न सकिने छ वा यस कार्यालयको सम्पर्क नं.९८५१२७११२८ मा सम्पर्क राखि आवश्यक जानकारी लिन सकिनेछ । यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको **Web Site:-** www.apf.gov.np मा समेत राखिएको छ ।